# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः १, जेठ ४ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

## आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।२।२

गरिब एवं विपन्नहरुका लागि आर्थिक सहायता प्रदान गर्ने कार्यमा एक रुपता ल्याउन वाञ्छनीय भएकोले व्यास नगरपालिकाका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिमले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाबाट यो कार्यविधि निर्माण गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले व्यास नगरपालिकाको आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि, २०७७ सम्झनुपर्छ।

(ख) "आर्थिक सहायता" भन्नाले दिनदुःखी, दीर्घ रोगी तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई नगर कार्यपालिकाले निर्णय गरी उपलब्ध गराउने रकम सम्झनुपर्छ।

(ग) "दीर्घ रोगी" भन्नाले नेपाल सरकारले दीर्घ रोग भनी किटान गरेका रोग सम्झनुपर्छ।

(घ) “नगर प्रमुख” भन्नाले व्यास नगरपालिकाका नगर प्रमुख सम्झनुपर्छ ।

(ब) “अधिकार प्राप्त अधिकारी” भन्नाले व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) “सचिव” भन्नाले नियम ४ बमोजिम नगरपालिकाले तोकेको कर्मचारी सम्झनुपर्छ ।

(छ) “सदस्य” भन्नाले लेखा समिति र सो समितिले गठन गरेका उपसमितिका सदस्य समेतलाई जनाउँछ ।

(ज) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

३. **आर्थिक सहायताः** (१) नगरपालिकामा दिनदुःखी, बेखर्च भई आफ्नो घर ठेगानमा पुग्न नसक्ने कुनैपनि व्यक्ति तत्काल उपचार नगरि नहुने कुनै चोटपटक वा रोग लागेको गरिब व्यक्तिले नगर प्रमुख समक्ष आर्थिक सहायताको निवेदन दिएमा नगर प्रमुखले तत्काल रोगको प्रकृति तथा निजको अवस्थालाई मध्यनजर गरी रु.१००। देखि रु.५०००। सम्म उक्त व्यक्तिलाई उपलब्ध गराउन आदेश दिएमा अधिकार प्राप्त अधिकारीले लेखा प्रमुखलाई आर्थिक सहायता तत्काल उपलब्ध गरान निर्देशन दिनुपर्नेछ ।

(२) नेपाल सरकारले दीर्घ रोग भनी किटान गरेका निको नहुने रोग लागिको मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित रोग लागेको प्रमाण सहित निवेदन पेश गरेमा नगर कार्यपालिका वोर्डको निर्णय अनुसार रु.१५००। देखि रु.१५,०००। सम्म निज वा निजको हकवालालाई अधिकार प्राप्त अधिकारीले रकम उपलब्ध गराउन आदेश दिनुपर्नेछ । साथै कार्यपालिका बोर्डले नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गरेमा सोही बमोजिम हुनेछ । यसरी दीर्घ रोगीहरुलाई उपलब्ध गराउने आर्थिक सहायता नगरपालिका भित्रकालाई रु.१५,००० र नगरपालिका बाहिरकालाई अधिकत्तम रु.१०,००० मात्र हुनेछ ।

(३) आर्थिक सहायता उपलब्ध गराउँदा एक जना व्यक्तिलाई एक आर्थिक वर्षमा एक पटक मात्र सहायता उपलब्ध गराउनुपर्नेछ । सोही आर्थिक वर्षमा पहिला भएको रोग भन्दा फरक प्रकृतिका रोग लागेको प्रमाणित कागज पत्र पेश भएका सोही व्यक्तिलाई आर्थिक सहायता दिन बाधा पुग्ने छैन ।

४. **दीनदुःखीः** आर्थिक सहायताको लागि निवेदन दिने कुनैपनि व्यक्ति बृद्धबृद्धा, रोगी, एकल कुनै सहारा नभएका गरिबलाई कार्यविधिको दफा ३ बमोजिमको आर्थिक सहायता रकम प्रदान गर्न सकिने छ ।

५. **बेखर्ची भएको व्यक्तिः** कुनैपनि नेपाली नागरिक आफ्नो स्थायी ठेगाना वा आफू बसोबास गरेको ठेगानाबाट टाढा भई कुनै काम विशेषले आउँदा रकम हराएको, चोरी भएको वा कसैले लुटी लगेको भनी आर्थिक सहायताका लागि नगर प्रमुख समक्ष निवेदन सहित ठेगाना खुलाएमा कार्यविधिको दफा ३ बमोजिम आर्थिक सहायता आवश्यकताको किटानी र मितव्ययी भई उपलब्ध गराउन सकिनेछ ।

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत